१२४/३१-८६५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ६५०/२०७२/०७३

निर्णय नं. ८७५

बाँके जिल्ला, नेपालगञ्ज, वडा नं. ८ बस्ने अधिवक्त विश्वजीत तिवारी ..........................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, आयोजना निर्देशनय(ए. डि. बी.), सवरिजनल ट्रान्सर्पोट ईन्हान्समेण्ट प्रोजेक्ट नेपालगञ्ज, कोहलपुर सडक योजना डिभिजन ३ नं. कार्यालय, नेपालगञ्ज, बाँके ..................................१ विपक्षी

सूचना अधिकारी, आयोजना निर्देशनय(ए. डि. बी.), सवरिजनल ट्रान्सर्पोट ईन्हान्समेण्ट प्रोजेक्ट नेपालगञ्ज, कोहलपुर सडक योजना डिभिजन ३ नं. कार्यालय, नेपालगञ्ज, बाँके

विषय :- सूचना उपलब्ध गराउने सम्बन्धमा ।

बाँके जिल्ला, नेपालगञ्ज, वडा नं. ८ बस्ने अधिवक्त विश्वजीत तिवारीले आयोजना निर्देशनय(ए. डि. बी.), सवरिजनल ट्रान्सर्पोट ईन्हान्समेण्ट प्रोजेक्ट नेपालगञ्ज, कोहलपुर सडक योजना डिभिजन ३ नं. कार्यालय, नेपालगञ्ज, बाँके समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०२।०६ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको सूचना दिन मिल्ने भए पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी आयोजना निर्देशनय(ए. डि. बी.), सवरिजनल ट्रान्सर्पोट ईन्हान्समेण्ट प्रोजेक्ट नेपालगञ्ज, कोहलपुर सडक योजना डिभिजन ३ नं. कार्यालय, नेपालगञ्ज, बाँकेका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. कोहलपुरदेखि राझा, राझादेखि जमुनाहासम्मको सडक निर्माण सम्वन्धी सम्झौतापत्र, इस्टिमेट, डिजाइन, भार क्षमता सोसम्वन्धी सम्पूर्ण विवरण ।

२. सडक निर्माण सम्बन्धी अनुगमन गर्ने निकाय छ वा छैन, छ भने को को छन् ? सो अनुगमन भएको छ वा छैन सो को प्रतिवेदन र निजहरुले कति भत्ता बुझेका छन् सो को पूर्ण बिबरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल जेठ २३ गते रोज १ शुभम् ।